# बीमक गाभ्ने गाभिने तथा प्राप्ती गर्ने सम्बन्धी (चौथो संशोधन) निर्देशिका, २०८०

**<u>स्वीकृत मिति</u>**: २०८०/०१/२६

**<u>प्रस्तावना</u>**: बीमक गाभ्ने गाभिने तथा प्राप्ती गर्ने सम्बन्धी निर्देशिका, २०७६लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशिका जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी निर्देशनहरुको नाम "बीमक गाभ्ने गाभिने तथा प्राप्ती गर्ने सम्बन्धी निर्देशिका (चौथो संशोधन) निर्देशिका, २०८०"रहेकोछ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>बीमक गाभ्ने गाभिने तथा प्राप्ती गर्ने सम्बन्धी निर्देशिका, २०७६ को दफा १०मा संशोधन</u>: बीमक गाभ्ने गाभिने तथा प्राप्ती गर्ने सम्बन्धी निर्देशिका, २०७६ को दफा १०को उपदफा (१९) पछि देहायको उपदफा (२०) थपिएको छः-

"(२०)गाभ्ने, गाभिने तथा प्राप्ती सम्बन्धी प्रकृया पुरा गरी एकिकृत कारोबार संचालन गरेका निर्जीवन बीमकले आर्थिक बर्ष २०८०।८१ का लागि व्यापार प्रवर्द्धन, विज्ञापन तथा प्रचार प्रसार शीर्षक खर्चमा तोकिएको सीमाको अतिरिक्त एक प्रतिशतसम्म खर्च गर्न सक्नेछ ।"